# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## पालुङ्गटार नगरपालिका
## गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्या: २०७८।७९
च.नं. ३२

मिति: २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
पालुङ्गटार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले पालुङ्गटार नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.५ करोड ७ लाख २६ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९/३/९ मा प्राप्त प्रतिक्रियाबाट रू.१ करोड ८० लाख ६६ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१९ लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ९ लाख ३४ हजार, नियमित गर्नुपर्ने रू.६० लाख २७ हजार र पेश्की रू. ३७ लाख ३७ हजार रहेको छ । गतवर्ष रु.६ करोड ३९ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ६६ लाख ४३ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। नगरपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

पालुङ्गटार नगरपालिका, गोरखा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४१ | ९४ | ५०७२६ | - | ३ | १८०६६ | ४१ | ९१ | ३२६६० | १९६२ | ६०२७ | २०९३४ | - | - | २६९६१ | ३७३७ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ६३९८३ | - | - | ६३९८३ | - | ३२६६० | ९६६४३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पालुङटार नगरपालिका, गोरखा , पलुंगटार नगरपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Tej Raj sharma | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Suvan sharma | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५०,७२५,९५९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,४०,८९,१८१.७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६८,२८,६९,८३२ | **चालु खर्च** | १,२९,३९,२६,९२४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६९,२९,४२३ | **पूँजीगत खर्च** | २१,६४,९७,६३३ |
| **राजश्व बाँडफाँट** | १०,४०,६५,१७१.७८ | **वित्तीय/अन्य व्यवस्था** | २९,८१,६५५ |
| **आन्तरिक आय** | ५,६३,६६,८११.११ | | |
| **अन्य आय** | १,८०,०३,९५२.८६ | | |
| **कुल आय** | ८८,८२,३५,१९०.७५ | **कुल खर्च** | १,५१,३४,०६,२१२ |
| **बाँकी मौज्दात** | | १५,१७,८७,९९२.४५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१०।२३ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १५८.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८२४४ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७५,७९,८७,४४७ | ७०,७४,५०,५९३.७५ | | ७०,७४,५०,५९३.७५ | ६८,१५,४०,३३८.०८ | | ६८,१५,४०,३३८.०८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७५,२८,३२,२०७ | ६९,८४,०७,८५८.७५ | ० | ६९,८४,०७,८५८.७५ | ६१,४७,३९,८०७.०८ | ० | ६१,४७,३९,८०७.०८ |
| ११००० कर | ११ | ११,३३,३०,४८० | १०,३१,६५,६५६.२२ | ० | १०,३१,६५,६५६.२२ | ८,४९,१७,१६७.४९ | ० | ८,४९,१७,१६७.४९ |
| १३००० अनुदान | | ५८,४४,९१,३१० | ५४,६३,७५,८७५.८६ | ० | ५४,६३,७५,८७५.८६ | ५०,२९,९०,९१०.०३ | ० | ५०,२९,९०,९१०.०३ |
| संघीय सरकार | १२ | ५२,१२,८९,३१० | ५०,५८,१२,६५८ | ० | ५०,५८,१२,६५८ | ४५,६५,८६,९३० | ० | ४५,६५,८६,९३० |
| प्रदेश सरकार | १२ | २,८२,०२,००० | २,३२,०२,००० | ० | २,३२,०२,००० | २,६९,६४,००० | ० | २,६९,६४,००० |
| अन्तरिक श्रोत | १२ | २,००,००,००० | ८४,००,००० | ० | ८४,००,००० | १,६५,२६,६३० | ० | १,६५,२६,६३० |
| जनसहभागिता | | १,५०,००,००० | ८९,६१,२१७.८६ | ० | ८९,६१,२१७.८६ | २९,१३,३५०.०३ | ० | २९,१३,३५०.०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १४००० अन्य राजस्व | | ५,५०,१०,४१७ | ४,८८,६६,३२६.६७ | ० | ४,८८,६६,३२६.६७ | २,६८,३१,७२९.५६ | ० | २,६८,३१,७२९.५६ | |
| | | | ख. अन्य प्राप्ति | | ५१,५५,२४० | ९०,४२,७३५ | | ९०,४२,७३५ | ६,६८,००,५३१ | | ६,६८,००,५३१ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ५१,५५,२४० | ५१,५५,२४० | ० | ५१,५५,२४० | ७७,९६,७९६ | ० | ७७,९६,७९६ | |
| | | | धरौटी | | ० | ३८,८७,४९५ | ० | ३८,८७,४९५ | २४,९२,७८५ | ० | २४,९२,७८५ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ५,६५,१०,९५० | ० | ५,६५,१०,९५० | |
| | | | भुक्तानी (ग+घ) | | ८४,३३,४७,२०० | ६४,९७,५१,७८३ | | ६४,९७,५१,७८३ | ५५,७४,८६,९५५ | | ५५,७४,८६,९५५ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८३,८१,९१,९६० | ६४,६७,७०,१२८ | | ६४,६७,७०,१२८ | ४९,३५,१८,२८० | | ४९,३५,१८,२८० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २४,६५,२६,४२० | २३,९४,९१,०९६ | ० | २३,९४,९१,०९६ | २४,३२,३३,१७० | ० | २४,३२,३३,१७० | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २३,३९,४१,८७० | १६,६९,८१,११५ | ० | १६,६९,८१,११५ | १०,७८,१४,३७३ | ० | १०,७८,१४,३७३ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ९,००,००० | ८,९८,४७२ | ० | ८,९८,४७२ | २,५५,०७,९४३ | ० | २,५५,०७,९४३ | |
| | | | २६००० अनुदान | १८ | ९४,५४,००० | ८९,२०,२१९ | ० | ८९,२०,२१९ | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,०३,८४,००० | ७८,७८,९०८ | ० | ७८,७८,९०८ | ४४,४५,४४१ | ० | ४४,४५,४४१ | |
| | | | २८००० अन्य खर्च | १८ | १,०१,५९,७५३ | ९२,८७,१०८ | ० | ९२,८७,१०८ | १०,३९,५१० | ० | १०,३९,५१० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३२,६८,२५,९१७ | २१,३३,१३,२१० | ० | २१,३३,१३,२१० | ११,१४,७७,८४३ | ० | ११,१४,७७,८४३ | |
| | | | घ. अन्य भूक्तानी | | ५१,५५,२४० | २९,८१,६५५ | | २९,८१,६५५ | ५५,७४,८६,९५५ | | ५५,७४,८६,९५५ | |
| | | | कोषहरु | | ५१,५५,२४० | ४३,४२,३७५ | ० | ४३,४२,३७५ | ६३,०३,६८० | ० | ६३,०३,६८० | |
| | | | धरौटी | | ० | ० | ० | ० | ११,५४,०४५ | ० | ११,५४,०४५ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ५,६५,१०,९५० | ० | ५,६५,१०,९५० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१३,६०,७२०) | | (१३,६०,७२०) | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (८,५३,५९,७५३) | ५,७६,९८,८१०.७५ | | ५,७६,९८,८१०.७५ | १२,४०,५३,३८३.०८ | | १२,४०,५३,३८३.०८ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,४०,८९,१८१.७० | | ९,४०,८९,१८१.७० | ८७,२९,४२८ | | ८७,२९,४२८ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (८,५३,५९,७५३) | १५,१७,८७,९९२.४५ | | १५,१७,८७,९९२.४५ | १३,२७,८२,८११.०८ | | १३,२७,८२,८११.०८ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | १५,१७,८७,९९२.४५ | | १५,१७,८७,९९२.४५ | १५,३९,०६,५२८.०८ | | १५,३९,०६,५२८.०८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः | |

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३५००१०११३-शिक्षा विकास निर्देशनालय | ५०००००. | ५०००००. |
| २ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | १६६५४८०००. | १६६५१४४५७. |
| ३ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १७४२३५०७. | १०१२२२८३. |
| ४ | ३१३०११०१४-राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन | ६८००००. | ०. |
| ५ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | ५००००००. | ३१८४४२३. |
| ६ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ४३०००. |
| ७ | ३३६००१०२३- गरीबसँग विशेश्वर कार्यक्रम | ५४६०००. | ४२०४३४. |
| | जम्मा | १९०७४०५०७. | १८०७८४५९७. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
| ४.१ | | | • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ४.२ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |
| ४.५ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ५ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ५.१ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ८५३५९७५४।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९४०८९१८१।७० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८७२९४२७।७० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. ८७२९४२७।७० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **वित्तीय विवरण विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• सञ्चितकोष खातामा गत वर्षको मौज्दात रु. ८५३५९७५४।- देखाएकोमा चालु वर्ष वित्तिय प्रतिवेदन म.ले.प.फा.नं. २७२ ले रु. ९४०८९१८१।७० देखाइ रु. ८७२९४२७।७० बढी देखाएको छ ।<br>• धरौटी तर्फ गत वर्षको मौज्दात रु. १३९५५६६३।- भएकोमा यस वर्ष रु. ८७२९४२८।- शुरु मौज्दात देखाइ रु. ५२२६२३५।- घटी देखाएको छ ।<br>तसर्थ वित्तिय विवरणले आर्थिक कारोबारको यथार्थ र सही चित्रण गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५.३ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ५.४ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ६ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ६.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ११ ऐन, १ नियमावली, १५ कार्यविधि समेत २७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| ६.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १८ र यो बर्ष थप भएको २०८ वटा दर्ता गरी कूल २२६ वटा विवाद भएकोमा १९१ मात्र फछ्र्यौट भई ३५ बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री पम्फा बसेलले २०७७।२।३२ गते रु. ८० करोड ४६ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ३ करोड ७५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम नगर प्रमुखको २०७७।८।१७, २६ लगायत विभिन्न मितिको तोक आदेशानुसार पुजीगततर्फ बाटो, खानेपानी, सडक, भवन शीर्षकमा खर्च गरेको छ । बजेट अबण्डमा राखी नगरप्रमुखको तोक आदेशबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ७.३ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 200 | 20000000 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 50 | 22500000 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 12 | 11500000 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 0 | 0 |
| ५ | रु. ५० लाख भन्दा माथिका | 0 | 0 |
| | जम्मा | 262 | 54000000 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.४</td><td></td><td></td><td>
क) क्षेत्रगत बजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>55313810.00</td><td>34819525.00</td><td>5.38</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>346036885.00</td><td>310465516.00</td><td>48.00</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>226453512.00</td><td>144654818.00</td><td>22.37</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>63104000.00</td><td>30227770.00</td><td>4.67</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>147283753.00</td><td>126602499.00</td><td>19.57</td></tr>
<tr><td>जम्मा</td><td>838191960.00</td><td>646770128.00</td><td>100.00</td></tr>
</table>
ख) चौमासिक पूँजिगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसोचौमासिक</th></tr>
<tr><td>1</td><td>संघिय सरकार</td><td>29111.00</td><td>0.00</td><td>450.00</td><td>28601.00</td><td>21261.00</td></tr>
<tr><td>2</td><td>प्रदेश सरकार</td><td>1018.00</td><td>0.00</td><td>0.00</td><td>1018.00</td><td>1018.00</td></tr>
<tr><td>3</td><td>गाउँपालिका</td><td>183184.00</td><td>6760.00</td><td>35985.00</td><td>140439.00</td><td>98820.00</td></tr>
<tr><td>4</td><td>कूल खर्च:</td><td>213313.00</td><td>6760.00</td><td>36435.00</td><td>170058.00</td><td>121099.00</td></tr>
<tr><td>5</td><td>खर्च प्रतिशत</td><td></td><td>3.17</td><td>17.08</td><td>79.72</td><td>56.77</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.५</td><td></td><td></td><td>
कार्यक्रम तथा प्रगतिः तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च | खर्च (%) | | |
| | | | | निशुल्कघुम्ती सेवाकालागी USG मेसिन खरिद | ७,००,००० | ० | ०.०० | | |
| | | | | शिवमन्दिर देखि-१ न वडा कार्यालय,राधाकृष्ण देखि नगरपालिका सडक स्तरोन्नती(सडकवोर्ड नेपाल) | ४५,००,००० | ० | ०.०० | | |
| | | | | राधाकृष्ण-CTEVT नया गाउ बाह्रपिर्के नमूना सडक स्तरोन्नति | १८,००,००० | ० | ०.०० | | |
| | | | | ठाडोविस-सुलिकालोहुदै घोडा लडेको भिर सम्म सिढी निर्माण | ५,००,००० | ० | ०.०० | | |
| | | | | बडडाडा-राधाकृष्ण-पण्डितगाउ-सडकस्तरोन्नति | ८,००,००० | ० | ०.०० | | |
| | | | | वडानं ५ र ३ जोड्ने मोटरबाटो पुल निर्माण | ३,००,००० | ० | ०.०० | | |
| | | | | जिवनज्योतीमाबि शौचालय निर्माण | ५,००,००० | ० | ०.०० | | |
| | | | | बिरुवाटारबजारको सार्वजनिक शौचालय निर्माण | १५,००,००० | ० | ०.०० | | |
| | | | | स्थानीयसंगकोसहकार्यमा फलफुल तथा बाजेट बिरुवाकोनर्सरी निर्माण पा.न.पा भरी | ५,००,००० | ० | ०.०० | | |
| | | | | मोटरवाटोसरसफाई | २,००,००० | ० | ०.०० | | |
| | | | | कटहरे-रातडाँडा-मडकिलो-वानीयागाउ-खोल्ली गाउ-लिगलिगकोट सडक | २०,००,००० | ० | ०.०० | | |
| | | | | रिपगाउँ पोखरी निर्माण | १,५०,००० | ० | ०.०० | | |
| | | | | ठकुरीगाँउवडडाँडा खा.पा मर्मत | १,५०,००० | ० | ०.०० | | |
| | | | | न्यौपानेखोला सार्कीगाँउ प्रतिक्षालय निर्माण | १,५०,००० | ० | ०.०० | | |
| | | | | अर्चलेमण्डली कम्पाउन्ड गर्ने | १,५०,००० | ० | ०.०० | | |
| | | | | सुब्बाडीकृषि सडक | २,००,००० | ० | ०.०० | | |
| | | | | तार्केखोलारिजावयर ड्याम (निरन्तरता) | २,००,००० | ० | ०.०० | | |
| | | | | वडाकार्यालयवाट चुक्ति खोलामा Trail ब्रिज निर्माण (नगरस्तरीय क्रमागत) | १०,००,००० | ० | ०.०० | | |
| | | | | खड्कागाँउज्यामिरेफाँट सडक | १,५०,००० | ० | ०.०० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रणः</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>• ऐनको अधिकार अन्तर्गत गाउपालिकामा जारी भएका ऐनहरु गाउँसभाको जिम्मेवारीमा र नियम ,कार्यविधि, निर्देशिका लगायतका कानूहरु गाउँकार्यपालिकाको जिम्मावारीमा जारी भएको र अद्यावधिक हुने गरेको छ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>आन्तरिक आयः बाह्रविसे घाट हवाई ग्राउण्ड घाट, बालुवा वगरघाट, भोटे वगर, ढीकुर वगर घाट नारायण चौरको ढुङ्गा गिटी वालुवा उत्खनन कार्य रु.८१०००००।४६ (मु.अ.कर समेत) बुझाउने गरी ज्ञानेश निर्माण सेवा सँग सम्झौता भएकोमा निजले मु.अ.कर र अग्रिम कर समेत रु.८२०७५२३। पालिकामा बुझाएकोमा पालिकाले मु.अ.कर रु.९३१८५९। र अग्रिम कर रु.१०७५२३। गरी जम्मा रु.१०३९३८२। राजश्व रकम संघिय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>१,०३९,३८२</td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>• पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>रकम ढिला दाखिलाः आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.५</td><td></td><td></td><td>राजश्व वाँडफाँडः स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.
<table>
<tr><th>आय शीर्षक</th><th>संकलित रकम</th><th>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम</th><th>पठाउन बाँकी रकम</th></tr>
<tr><td>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी</td><td>17594830</td><td>40</td><td>0</td><td>7037932</td></tr>
</table></td><td>७,०३७,९३२</td></tr>
<tr><td>९</td><td></td><td></td><td>संगठन तथा कर्मचारी ब्यवस्थापनः</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३९जना कर्मचारीहरु करारमा राखी रु.९६३३०००।- खर्च लेखेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । नगरपालिकामा कूल दरबन्दी संख्या ४९ भएकोमा ४४ पदपूर्ती भई ५ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| ९.३ | | | **तलबि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.३४६१२२६२।- खर्च लेखेको पाईयो । तलबि प्रतिवेदन पास गराएर मात्र खर्च लेख्नु पर्दछ । | |
| १० | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |
| १०.१ | | | • महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । | |
| १०.२ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको रकम संघिय तथा प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गर्नुपर्ने रु.<br>• संघिय स्रोत तर्फको सर्सत चालु अनुदान आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम रु. ३१२८२६३६।- मध्य रु. ३०८२३९०६२।- मिति २०७८।८।१३ मा फिर्ता दाखिला भएको र बाँकी रकम संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. ४५८६७४।<br>• प्रदेश सरकार तर्फको सर्सत चालु अनुदान रु. ८०४८०००।- र विशेष चालु अनुदान तर्फ रु. १४८१७३७।- समेत रु. ९५२९७३७।- आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेकोले उक्त रकम प्रदेश सरकारको सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.९५२९७३७।- | ९,९८८,४११ |
| ११ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| ११.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| ११.२ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.३</td><td></td><td></td><td>

- सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन ।

</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**पारिश्रमिक कर**

आयकर ऐन,२०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाका निम्न पदाधिकारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेकोले छुट पारिश्रमिक कर रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

<table>
<tr><th>नाम थर</th><th>वार्षिक आय</th><th>कट्टी रकम</th><th>करयोग्य आय</th><th>तिर्नुपर्ने कर</th><th>तिरेको कर</th><th>नपुग कर</th></tr>
<tr><td>इ.अनुप देवकोटा</td><td>४७७८७०</td><td>०</td><td>४७७८७०</td><td>७२८७</td><td>४६८०</td><td>2607</td></tr>
<tr><td>आ.अ.अशोक कुमार श्रेष्ठ</td><td>५०७८७०</td><td>०</td><td>५०७८७०</td><td>१०२८७</td><td>५२२०</td><td>5067</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>7674</td></tr>
</table>

</td><td>७,६७४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **अनुत्पादक खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा निम्नानुसार रु. १३०३०९७ खर्च लेखी भुक्तानी गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गरिनुपर्छ। | |

| खर्चको विवरण | भुक्तानी रकम रु |
|---|---|
| द ओक्सन क्लवलाइ फुटसल निर्माण का लागी | 199993 |
| चन्द्रमुखी युवा क्लव मेला महोत्सव | 115500 |
| युवा क्लवलाइ खेलकुद सामाग्री वितरण | 49324 |
| नेपाल नगरपालिका संघ | 25000 |
| शिवरात्री मेला कार्यक्रम | 100000 |
| चारघरे चर्च वाद्यवादन सामाग्री वितरण | 50000 |
| नेवा देयु देवु नगर समिति | 154000 |
| श्री देवी मन्दीर मगर संघ | 67900 |
| लिगलिग कालिका मन्दिर | 55000 |
| लिगलिग कोट सम्बर्द्धन | 44000 |
| अनुग्रह मण्डली चर्च निर्माण | 49519 |
| नेपाल कुमाल समाज सुधार समिति | 100000 |
| परियार सेवा समाज बजार खरिद तथा वितरण | 142380 |
| च्याङ्ली स्पोर्टस क्लव खेलकुद सामाग्री वितरण | 200000 |
| जम्मा | 1303097 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **जिन्सी सम्वन्धमाः**<br>**जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को नियम २८(१) मा जिन्सी सामान खरीद गरेकोमा खरीद गरेको ७ दिन भित्र जिन्सी दाखिला गर्नु पर्दछ । निम्नानुसारका जिन्सीसमानहरु दाखिला गरेको नपाइएकाले जिन्सी दाखिला प्रमाण पेश गर्नु पर्ने रु. | १,०५५,१४७ |

| भौ.मिती | विवरण | रकम |
|---|---|---|
| 1-077/3/22 | म्याथका ल्याव सामान ७४ सेट खरीद | 150000 |
| 117-077/11/18 | मिरकोट स्वास्थ्य चोकी काठको दराज १, काठको टेवल १ | 15400 |
| 284-078/3/29 | लक्ष्मी मा.वि (प्रिन्टर १, प्रोजेक्टर१, डेक्सटप कम्प्युटर) | 149000 |
| 115-077/11/18 | रजगरे मा.वि (फिजिक्स, केमेष्टि टेवल १/१, फिजिक्स, केमेष्टि र्याक 1/1) | 250747 |
| 115-077/11/18 | शारदा मावि (डेल डेक्सटप,स्माट टि.भी., स्माट टिभि) | 490000 |
| | जम्मा | १०५५१४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **शिक्षा तर्फः** | |
| १५.१ | | | **पाठ्य पुस्तकः** कार्यक्रक कायान्वयन पुस्तिका २०७७/०७८ को बुदा नं २.४.६.१ मा सामुदायीक विद्यालयलाई निशुल्क पाठ्य पुस्तक उपलब्ध गराउने व्यवस्था छ । पालिकाबाट यस आ.व मा जनता मा.वि आपपिपललाई पाठ्य पुस्तकको निकासा दिनु पर्ने रु.२३७७२२। मा रु.२४५२६१। निकासा दिएकोले बढी निकासा भएको रु.७५३९। फिर्ता लिई बेरुजु खाता दाखिला गर्नु पर्ने रु. | ७,५३९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>पाठ्य पुस्तकः भौ.१४१-०७७/१२/१२ बाट निम्नाअनुसारका विद्यालयहरुमा EMIS डाटा अनुसार षाठ्य पुस्तकको निकासा दिइ सकेको अवस्थामा पुन रु.८८३७। पाठ्य पुस्तकको रकम भुक्तानी दिएको छ । गत आ.व.को नपुग पाठ्य पुस्तकको भुक्तानी यस आ.व. को ससर्त चालु बाट भुक्तानी दिएको गत आ.व मा भूक्तानी हुन नसकेको प्रमाण वेगर यस वर्ष भुक्तानी दिएको रकम असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>विद्यालयको नाम</th><th>जम्मा रकम</th></tr>
<tr><td>1</td><td>श्री डुम्रे आ.वि</td><td>12953</td></tr>
<tr><td>2</td><td>श्री अमरज्योति जनता मा.वि</td><td>30908</td></tr>
<tr><td>3</td><td>श्री पृथ्वी प्रा.वि</td><td>2072</td></tr>
<tr><td>4</td><td>श्री विन्धवासिनी आ.वि</td><td>4901</td></tr>
<tr><td>5</td><td>श्री जलकन्या प्रा.वि</td><td>3533</td></tr>
<tr><td>6</td><td>श्री शारदा मा.वि</td><td>4593</td></tr>
<tr><td>7</td><td>श्री कालिका प्रा.वि</td><td>2758</td></tr>
<tr><td>8</td><td>श्री अकला मा.वि</td><td>15750</td></tr>
<tr><td>9</td><td>श्री नमूना प्रा.वि</td><td>4693</td></tr>
<tr><td>10</td><td>श्री भृकुटी आ.वि</td><td>6211</td></tr>
<tr><td></td><td>जम्मा</td><td>88372</td></tr>
</table></td><td>८८,३७२</td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>दिवा खाजाः कार्यक्रम कार्यान्वयन निर्देशिकका २०७७/०७८ को बुदा नं. ७ को व्यवस्था बमोजिम प्रति विद्यार्थि रु.१५ का दरले विद्यार्थीको दैनिक हाँजिरी पुस्तीका प्रमाणीतको आधारमा दिवा खाजा भुक्तानी दिनु पर्ने व्यवस्था छ । जिवन ज्योती माध्यमिक विद्यालयको दिवा खाजा वापत रु.२७३६००। खर्च लेखेकोमा खर्चको विल भर्पाई तथा वितरण भर्पाइ पेश नभएकोले विल भर्पाइ विद्यार्थीको ह्यजिरी वितरण भरपाइ पेश गर्नु पर्ने रु.</td><td>२७३,६००</td></tr>
